# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं आषाढ २ गते २०१५ साल**

### अर्थ (मालपोत) मन्त्रालयको विज्ञप्ति

उपत्यकाका माल गुठीहरुबाट तहसील गर्नु पर्ने बालीको निमित्त २०१५ साल ज्येष्ठ मसान्तसम्मको म्याद थप भएको अनुसार तहसील हुँदै रहेको छ तापनि असुलतहसील गर्ने निकासा ढीलो भएबाट धेरैजसोले बुझाई नसकेका बुझि राखे सबैले बुझाई पाउनू जग्गा थामिपाउन् भन्ने हेतुले सो बाली बुझाउन २०१५ आषाढ मसान्तसम्मको अन्तिम म्याद दिने सरकारको निर्णय भएकोले सर्वसाधारणका जानकारी निमित्त यो सूचना प्रकाश गरिएको छ। इलाका माल गुठी तहसीलहरुले पनि सो बमोजिम गर्ने गर्न लाउने गर्नू ।

आज्ञाले-
नीरराज
सचिव-अर्थमन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अर्थ (मालपोत) मन्त्रालयको विज्ञप्ति

आर्थिक ऐन २०१४, बमोजिमको बिर्ता पोत बुझाउने म्याद २०१५ ज्येष्ठ मसान्त सम्म भएकोमा थोर बहुत बिर्तावालले पोत बुझाउने गरेको छ तापनि धेरै जसोले राम्रो कुरा नबुझी बुझाउन बांकीनै राखेको बुझिएकोले सबैले लागेको बिर्ता पोत बुझाई आफ्नु बिर्ता थामिराखून् भन्ने हेतुले सो बिर्ता पोत बुझाउन २०१५ साल आषाढ मसान्त सम्मको म्याद थप गरीदिने सरकारको निर्णय भएकोले सर्व साधारणको जानकारीको निमित्त सूचना प्रकाश गरिएको छ। इलाका मालपोत। रजिष्टेशन अड्डाहरुले पनि आफ्नू इलाकाका जनतामा सो बिषयको कुरा प्रचार गरी उपरोक्त बमोजिम गर्नै गन लाउने गर्नू ।

आज्ञाले-
नीरराज
सचिव-अर्थ मन्त्रालय

272

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।